नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

मिति : २०८२/०६/०२

## जिन्सी सामान फिर्ता गर्ने सम्बन्धी जारी गरिएको सार्वजनिक सूचना ।

मिति २०८२ भाद्र २३ र २४ गते जेन-जी युवाको अगुवाईमा भएको प्रदर्शन तथा आन्दोलनको क्रममा यस मन्त्रालयमा तोडफोड, आगजनी हुँदा यस कार्यालयका सवारी साधनहरू (चार पाङ्ग्रे र दुई प्राङ्ग्रे), टि.भि., कम्प्युटर सेट, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, माइक्रो ओभन, विभिन्न क्षमताका हार्ड डिस्क, स्क्यानर, क्यामेरा, आइप्याड, मोवाइल, हिटर, पङ्खा लगायतका जिन्सी सामानहरू लुटपाट एवम् चोरी भएका छन्। उक्त तोडफोड र चोरीमा संलग्नहरूको सिसिटिभी फुटेजमार्फत पहिचान गर्ने कार्य भैरहेको हुँदा कोही कसैले कार्यालय परिसरबाट यस्ता सामग्री लिएको वा प्राप्त गर्नु भएको भए उक्त मालसामानहरू यस मन्त्रालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ। अन्यथा, प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।